बैठक मितिः २०८१/०७/८

बैठक सङ्ख्याः १२

छलफल तथा निर्णयः

१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट आर्थिक वर्ष २०८१/८२ को हकमा आयोजनाको बहुबर्षीय ठेक्का सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८० बमोजिम प्राप्त मदन भण्डारी राजमार्गको ब.उ.शि.नं.३३७०११०८ अन्तर्गत घोराही-तुल्सीपुर (२१.५८ कि.मि.) सडक खण्डलाई ४ लेनमा विस्तार तथा स्तरोन्नति कार्य गर्नको लागि रू. ३ अर्ब ९९ करोड ४९ लाख बराबरको स्रोत सुनिश्चितताको लागि लेखी आएकोमा आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०८० को दफा ३ को उपदफा २ बमोजिम स्रोत सहमतिको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने।

२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. वा.त.व्य.शा./२०८०/८१, च.नं. १४५, मिति २०८०/१२/१३ को पत्रबाट पथरी शनिश्चरे नगरपालिका, मोरङको प्रशासनिक भवन निर्माणको लागि ०.४ हेक्टर राष्ट्रिय वनक्षेत्रको जग्गा भोगाधिकार प्राप्त गर्ने प्रयोजनार्थ उक्त आयोजनाको लागि वनक्षेत्रको भोगाधिकारको लागि आयोजना वर्गिकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० अनुसार राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना निर्धारण गर्ने।

३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. वा.त.व्य.शा./२०८१/८२, च.नं. २२, मिति २०८१/४/३२ को पत्रबाट एकीकृत फोहोरमैला प्रशोधन केन्द्रको लागि ३.५ हेक्टर वनक्षेत्र प्रयोग गर्न जग्गा भोगाधिकारको लागि सिफारिश भै आएकोमा उक्त आयोजनाको लागि वनक्षेत्रको भोगाधिकारको लागि आयोजना वर्गिकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० अनुसार राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना निर्धारण गर्ने।

४. खाद्य प्रणाली रूपान्तरणको रणनीतिक योजना (२०८१/८२- २०८६/८७) स्वीकृतिका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा पठाउने।